स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसी अभिनीत फिल्म "फर्की फर्की"को कथालाई निरन्तरता दिँदै नयाँ फिल्म निर्माण हुने भएको छ। निर्माता रोहित अधिकारीले "फर्की फर्की युनिभर्स"लाई विस्तार गर्ने योजनाअनुसार फिल्म निर्माणको तयारी अघि बढाएका हुन्।नयाँ फिल्मका लागि अभिनेता अनमोल केसीसँग निर्माण पक्षले कागजी सम्झौतासमेत गरि सकेको छ। फिल्ममा अनमोलले "फर्की फर्की"मा निर्वाह गरेको म्याडीको चरित्रलाई नै निरन्तरता दिइने बताइएको छ।

**आजको विचार...**



रसुवा ..
(दुई पेजमा)

राजकुमार सिवाकोटी

तीजको रमझम बढिरहेका बेला गायिका निशा सुनारले ल्याएको नयाँ तीज गीत "लाली लपक्कै सारी सपक्कै"ले पर्वको उल्लास, नाचगान र मनोरञ्जनलाई केन्द्रमा राखेको छ । गीतमा निशा सुनार र प्रकाश सपुतको स्वर रहेको छ । तीजको अवसर पारेर सार्वजनिक गरिएको गीतले गीत सार्वजनिक भएसँगै तीजका नयाँ प्रस्तुतिमध्ये यसले पनि दर्शक-श्रोताको ध्यान तान्ने अपेक्षा गरिएको छ ।



❐ वर्ष ३२ ❐ अंक ५९ ❐ २०८३ भदौ २९ गते सोमबार 14 September 2026, Monday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## स्याङ्जामा साधु मृत फेला

**स्याङ्जा,** भदौ २८ / स्याङ्जामा करिब २५ वर्षदेखि मन्दिरमा साधुको रूपमा बस्दै आएका एक भारतीय नागरिक मृत फेला परेका छन् । भारतको तमिलनाडु प्रदेश, कोयम्बटुर जिल्लास्थित गुलुमलाइ घर भएका अन्दाजी ५५ वर्षीय कुमार स्वामी (पातली) मृत फेला परेका हुन् ।

वालिङ नगरपालिका-१, खत्रीखोलास्थित कृष्णप्रसाद ढकालको घरमा सुतिरहेको अवस्थामा आइतबार बिहान मृत फेला परेको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ । उनी विगत २५ वर्षदेखि भिरकोट नगरपालिका-४ स्थित छाङ्छाङ्दी मन्दिरमा साधुको रूपमा बस्दै आएका थिए । बिहान करिब ७:३० बजे मृत फेला परेपछि वडा प्रहरी कार्यालय वालिङबाट खटिएको प्रहरी टोली घटनास्थलमा पुगेको थियो । प्रहरीले घटनास्थलको मुचुल्कालगायत आवश्यक प्रक्रिया पूरा गरी शव परीक्षणका लागि प्राथमिक स्वास्थ्य केन्द्र वालिङमा पठाएको जनाएको छ । प्रारम्भिक जानकारीअनुसार मृतकले अत्यधिक मादक पदार्थ (रक्सी) सेवन गर्ने गरेको बुझिएको प्रहरीले जनाएको छ । मृतकका आफन्तलाई घटनाबारे जानकारी गराउने प्रक्रिया भइरहेको र घटनाको सम्बन्धमा थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# आज हरितालिका तीज : महादेवको उपासना गरेर मनाइँदै

## स्वास्थ्यको ख्याल गरेर व्रत बस्न सुझाव

**रामचन्द्र रायमाझी**

**पाल्पा,** भदौ २८/ हिन्दु नारीहरुले आज हरितालिका तिज मनाउँदैछन् । हरेक वर्ष भाद्र शुक्ल तृतीयाका दिन निराहार व्रत बसी महादेवको पूजा आराधना गरी धुमधामका साथ यो पर्व मनाइन्छ । यो पर्व नेपाली हिन्दु महिलाका लागि धार्मिक आस्था, पारिवारिक सम्बन्ध र सांस्कृतिक अभिव्यक्तिसँग जोडिएको महत्वपूर्ण पर्व हो ।

विवाहित महिला पति र परिवारको सुख, समृद्धि तथा दीर्घायुको कामना गर्दै व्रत बस्छन् भने अविवाहित युवती असल र आफूले चाहेको जीवनसाथीको कामना गर्दै शिव-पार्वतीको पूजा आराधना गर्छन् । तीजको धार्मिक सम्बन्ध सत्ययुगसँग जोडिएको छ । धार्मिक



मान्यताअनुसार हिमालय पुत्री पार्वतीले महादेवलाई पति पाउने इच्छा पूरा गर्न निराहार व्रत बसेकी थिइन् । पार्वतीको इच्छा विपरीत पिता हिमालयले उनको विवाह भगवान् विष्णुसँग गरिदिन खोजेपछि सखीहरूले उनलाई लुकाएर राखेको र त्यही स्थानमा उनले कठोर व्रत गरी महादेवलाई प्राप्त गरेको कथा धर्मशास्त्रमा पाइन्छ । यही घटनासँग जोडेर भाद्र शुक्ल तृतीयामा हरितालिका तीजको व्रत बस्ने परम्परा सुरु भएको विश्वास गरिन्छ । आइतबार दर खाएर पहिलो दिनको तीज मनाएका महिला दिदीबहिनीहरु आज तिजको निराहार व्रत बस्दै छन् । महिलाका लागि यो व्रत सबैभन्दा उत्तम व्रतका रूपमा लिइन्छ । यो व्रतले महिलालाई अखण्ड सौभाग्य प्राप्त हुने विश्वास गरिएको छ । विवाहित महिलाका लागि तीज पति तथा परिवारको सुख, शान्ति, समृद्धि र दीर्घायुको कामनासँग जोडिएको छ । अविवाहित युवतीका लागि भने असल जीवनसाथीको कामनासँग । यो व्रत गर्नाले पति दीर्घजीवनको फल पाइन्छ भनि शास्त्रमा उल्लेख छ । स्वास्थ्यको ख्यालै नगरी व्रत बस्न नहुने चिकित्सकहरुको सुझाव छ । ब्लडप्रेसर राम्रो भएका र कुनै दीर्घरोग नभएकाहरु मात्र व्रत बस्नु उपयुक्त हुने चिकित्सकहरुको भनाई छ । उनीहरुका अनुसार पानी नखाई कसैले पनि व्रत बस्नुहुँदैन । मधुमेहको औषधि लिइरहेकाहरूले व्रत बस्न हुँदैन । केही नखाँदा उनीहरू ढल्ने जोखिम हुन्छ । सुगर लो भयो भने चर्को पसिना, मुटु भड्किने, आँखा धमिलो हुने हुन्छ । जसको रक्तचाप पहिल्यै लो छ, उनीहरूले केही पनि नखाई व्रत बस्दा शरीरमा नुनको मात्रा र जलवियोजन भएर अझै प्रेसर लो भएर ढल्ने सम्भावना हुने चिकित्सकहरुको भनाई छ । तीज केवल एउटा धार्मिक पर्व नभएर महिलाको व्यक्तिगत आकांक्षा र पारिवारिक सम्बन्धसँग समेत जोडिएको पर्वका रूपमा स्थापित भएको छ । तर पछिल्लो समय तीज मनाउने शैलीमा व्यापक परिवर्तन आएको छ । पहिले तीजको अवसरमा माइती जाने, आमाले पकाएको दर खाने, दिदीबहिनी तथा साथीभाइसँग भेटघाट गर्ने र गाउँघरमा जम्मा भएर गीत गाउने परम्परा थियो । अहिले भने तीजका कार्यक्रम घरको आँगनबाट होटल, पार्टी प्यालेस र ठूला सभाहलसम्म पुगेका छन् । दरका नाममा तीज आउनुभन्दा धेरै दिन अघिदेखि नै कार्यक्रम आयोजना गर्ने, महँगा पोसाक तथा गहना प्रदर्शन गर्ने र ठूलो रकम खर्च गर्ने प्रवृत्तिले तीजलाई भड्किलो बनाउँदै लगेको चिन्ता पनि बढेको छ । पर्वको आत्मीयता र पारिवारिक भेटघाटभन्दा प्रदर्शन र प्रतिस्पर्धाले प्राथमिकता पाउन थालेको कतिपयको बुझाइ छ ।


## बाल अधिकारको संरक्षण गरौं

-बालबालिकाको अधिकारको सम्मान गरौं,
- बालश्रम, बालविवाह, बालहिंसा तथा सबै प्रकारका शोषणको अन्त्य गरौं,
-बालबालिकालाई गुणस्तरीय शिक्षा, स्वास्थ्य र पोषण सुनिश्चित गरौं,
-बालमैत्री, सुरक्षित र भेदभावरहित वातावरण निर्माण गरौं,
-बालबालिकाको विचार र सहभागितालाई उचित सम्मान गरौं,
-बालबालिकालाई अनलाइन तथा साइबर जोखिमबाट सुरक्षित राखौं,
- परिवार, विद्यालय र समुदाय मिलेर बाल अधिकारको संरक्षणमा सक्रिय बनौं,

**समुन्नत राष्ट्र निर्माणका लागि बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## बाणगंगा नदीमा फसेका १२ जनाको सकुशल उद्धार

**कपिलवस्तु,** भदौ २८/ जिल्लाको कपिलवस्तु नगरपालिका-६ बर्मेलीस्थित बाणगंगा नदीमा शनिबार राति एक्कसि आएको बाढीमा फसेका १२ जनाको सशस्त्र प्रहरीले सकुशल उद्धार गरेको छ । बाढीका कारण नदी क्षेत्रमा फसेका एघार महिला र एक पुरुषलाई गएराति सशस्त्र प्रहरी बल, नेपाल नं २८ गण हेडक्वार्टर कपिलवस्तुबाट खटिएको टोलीले उद्धार गरी सुरक्षित स्थानमा ल्याएको हो ।

सशस्त्र प्रहरी उपरीक्षक गोपाल अधिकारीका अनुसार बाणगङ्गा नदीमा एक्कासि बाढी आएपछि मानिसहरू फसेका भन्ने सूचना प्राप्त हुनासाथ सशस्त्र प्रहरी टोलीलाई तत्काल घटनास्थलमा परिचालन गरिएको थियो । उनले भने, "नदीमा पानीको



बहाव बढेपछि त्यहाँ फसेका व्यक्तिहरूको तत्काल उद्धार गरी सुरक्षित स्थानमा ल्याइएको हो । उद्धार कार्यमा सशस्त्र प्रहरी टोली सक्रिय रूपमा परिचालन भएको थियो ।" कपिलवस्तु नगरपालिका-६ की ७० वर्षीया गोपी परियार, ७० वर्षीया किरली परियार, २४ वर्षीया कविता कुमाल, ३८ वर्षीया रामी वयम्बु, ३२ वर्षीया मीना वयम्बु, ४५ वर्षीया बेलमति सुनार, ४५ वर्षीया सुश्मा जिसी, १८ वर्षीया लालुमाया श्रेष्ठ, ३४ वर्षीया लक्ष्मी परियार, ४० वर्षीया बिना विक, २४ वर्षीया बिन्दा थापा तथा ३७ वर्षीय रेशम परियारको उद्धार गरिएको सशस्त्र प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिए ।

घटनाको जानकारी पाएलगत्तै नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोली घटनास्थलमा पुगेर उद्धार कार्य सञ्चालन गरेको थियो । उद्धार गरिएका सबै जनालाई सुरक्षित स्थानमा पुऱ्याइएको सशस्त्र प्रहरी बल, नेपाल नं २८ गण हेडक्वार्टर कपिलवस्तुले जनाएको छ । -**रासस**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## बालअधिकार सुनिश्चित गरौँ

नेपालमा हरेक वर्ष भदौं २९ गते राष्ट्रिय बाल दिवस मनाउने गरिन्छ । यस वर्ष पनि आज विभिन्न कार्यक्रमहरु गरी दिवस मनाउन लागिएको छ । पहिले भदौ ४ गते मनाइने गरिएको बाल दिवस लोकतन्त्र आएपछि भदौ २९ मा मनाउन थालिएको हो । सन १९९० मा नेपालले बालअधिकार महासन्धिमा हस्ताक्षर गरेको दिनको सम्झनामा यो दिवस मनाउन थालिएको पाइन्छ । बालबालिका प्रकृतिका सुन्दर संरचना हुन, आमाबाबुका सुनौला सपना हुन्, समाज र राष्ट्रका भविष्यका संवाहक पनि हुन् । बालबालिका बिनाको समाज कल्पनासम्म गर्न सकिँदैन । आजका बालबालिका भोलिका आमाबाबुका सहारा र राष्ट्रका कर्णधार हुन् । त्यसैले पनि बालदिवस आफैमा महत्वपूर्ण रहेको छ ।

बालबालिकाको अधिकार, सुरक्षा, शिक्षा, स्वास्थ्य र समग्र विकासप्रति राज्य तथा समाजको ध्यानाकर्षण गराउने महत्वपूर्ण अवसरका रूपमा यो दिवसलाई लिनुपर्छ । दिवस मनाउनुको उद्देश्य केवल औपचारिक कार्यक्रम र नारामा सीमित नभई बालबालिकाका वास्तविक समस्या पहिचान गरी समाधानतर्फ अघि बढ्नु हो । बालबालिका देशका भविष्य मात्र होइनन्, वर्तमानका महत्वपूर्ण नागरिक पनि हुन् । उनीहरूको सुरक्षित, सम्मानजनक र बालमैत्री वातावरणमा हुर्कने अधिकार छ । संविधान तथा प्रचलित कानूनले बालबालिकाका विभिन्न अधिकार सुनिश्चित गरे पनि व्यवहारमा अझै धेरै बालबालिका ती अधिकारबाट वञ्चित छन् । यो अत्यन्तै दुखको कुरा हो । गुणस्तरीय शिक्षाको पहुँचमा असमानता, कुपोषण, बालश्रम, बालविवाह, हिंसा, दुर्व्यवहार, बेचबिखन तथा अनलाइन जोखिमजस्ता समस्या अझै चुनौतीका रूपमा रहेका छन् । विशेषगरी आर्थिक रूपमा विपन्न, ग्रामीण तथा दुर्गम क्षेत्रका बालबालिका शिक्षा, स्वास्थ्य र संरक्षणका आधारभूत सेवाबाट समेत पछाडी पर्नुपर्ने अवस्था छ । विद्यालयमा भर्ना हुँदैमा बालअधिकार सुनिश्चित भएको मान्न सकिँदैन । उनीहरूले सुरक्षित वातावरणमा गुणस्तरीय शिक्षा पाउने, आफ्नो विचार व्यक्त गर्ने, खेल्न तथा सिर्जनात्मक गतिविधिमा सहभागी हुने अवसर पनि पाउनुपर्छ । बालबालिकामाथि हुने हिंसा र दुर्व्यवहार नियन्त्रण गर्न परिवार, विद्यालय, समुदाय र राज्य सबै जिम्मेवार बन्न आवश्यक छ । बालबालिकालाई अनुशासनका नाममा शारीरिक वा मानसिक यातना दिने प्रवृत्ति अन्त्य गर्नुपर्छ । पछिल्लो समय डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै बालबालिकामाथि हुने साइबर दुर्व्यवहार, अनलाइन ठगी तथा अनुचित सामग्रीको जोखिम पनि बढिरहेको छ । त्यसैले बालमैत्री डिजिटल वातावरण निर्माणमा समेत अभिभावक, विद्यालय र राज्यले विशेष ध्यान दिनुपर्छ । बालअधिकार संरक्षणका लागि कानून निर्माण मात्र पर्याप्त हुँदैन । बनेका कानूनको प्रभावकारी कार्यान्वयन, बाल संरक्षणका संयन्त्रको सुदृढीकरण र पीडित बालबालिकालाई सहज न्याय तथा पुन:स्थापनाको व्यवस्था आवश्यक छ । तसर्थ संविधानम भएको बाल अधिकार सुनिश्चित गर्ने दिशामा सबैले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

अनुशासन, विद्रोह र अराजकता सबै छ म भित्र,
तपाईंलाई चाहिएको के हो? त्यो तपाईंको व्यवहारमा निर्भर गर्छ !!
*(समिर बश्यालको फेसबुक स्टाटसबाट www.facebook.com/Samir.Bashyal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रसुवा हिम–सुनामी र प्रशासनिक कमजोरी



राजकुमार सिवाकोटी

०८३ भदौ १० गते बिहान ८:३७ बजे नेपालको रसुवामा हिम-सुनामी आयो । लाङटाङ-लिरुङ हिमालको करिब ५,२०० मिटर उचाइबाट एउटा विशाल चट्टानी पिण्ड अचानक खस्यो । यो केवल प्राकृतिक विपत्ति मात्र नभई हिमाली पर्माफ्रोस्ट पग्लिएर उत्पन्न भएको भूभौतिकीय संकटको परिणाम थियो ।यस पटकको हिम-सुनामीको उत्तरी-पूर्वी ढलान भूगर्भको दृष्टिले अत्यन्त संवेदनशील रहेको छ । यहाँ करिब ६०० मिटर चौडाइ भएको चट्टानी भाग आधारभूत चट्टानबाट अचानक छुट्टियो र १,२०० मिटर उचाइबाट सिधै ल्हेन्दे खोलाको साँघुरो खोँचमा खस्यो । यो सामान्य भूस्खलन वा हिमताल फुट्ने घटना मात्र नभई पर्माफ्रोस्ट पग्लिएर बनेको उच्च लेदोयुक्त बाढी थियो, जसले तटीय क्षेत्रमा सुनामीको विनाशकारी स्वरूप लियो । उपग्रह तस्बिर र अनुसन्धानका अनुसार खसेको पिण्डको आकार इजिप्टको पिरामिड भन्दा १० गुणा ठुलो थियो । उच्च उचाइबाट खसेको यो लेदो सुरुमा प्रति घण्टा १६७ किलोमिटरको गतिमा बग्दै ल्याउँदा स्याफ्रुबेंसी र बेत्रावती पुग्दा ७३ कि.मि. मा झरेको थियो भने चितवन पुग्दा यसको रफ्तार २२ कि.मि. प्रति घण्टामा सीमित भयो । गति कम भए पनि बाक्लो लेदो, ठूला ढुङ्गा र मुढाहरूका कारण यसको विनाशकारी शक्ति कायम रह्यो । यो विशाल पिण्डको खसाइले आसपासका सेन्सरमा ४.४ देखि ५.२ सम्मको भूकम्पीय कम्पन दर्ता गर्‍यो, जसले गर्दा धेरैले सुरुमा भूकम्प नै आएको महसुस गरे ।यो विपद् चारवटा शृङ्खलाबद्ध भूगर्भीय प्रक्रियाबाट अगाडि बढ्यो । पहिलो, विश्वव्यापी तापक्रम वृद्धिका कारण उच्च हिमाली क्षेत्रको पर्माफ्रोस्ट पग्लियो, जसले हिउँ र माटोलाई बाँधेर राखेको चट्टानी आधारलाई अस्थिर बनायो । दोस्रो, खसेको करोडौं घनमिटर गेग्रानले ल्हेन्दे खोला र भोटेकोशीको संगम स्थलमा एउटा ठुलो प्राकृतिक बाँध निर्माण गर्‍यो । तेस्रो, उक्त बाँधको पछाडि पानी र लेदोको चाप अत्यधिक बढेपछि केही मिनेटमै बाँध फुट्यो र विस्फोट भयो । चौथो चरणमा ढुङ्गा, बालुवा, हिउँ र मुढाहरूको मिश्रणबाट १५ देखि २० मिटर अग्लो बाक्लो लेदो बाढी बन्यो, जसले तल्लो तटीय बस्तीहरूलाई सखाप बनायो ।यस घटनाले नेपालको जलाधार क्षेत्रमा बहु-प्रकोपीय असर पुर्‍याएको छ । एउटै हिम-स्खलनले नदीको बहाव रोक्ने, बाँध फुटाउने र तल्लो क्षेत्रका पुराना पहिराहरूलाई सक्रिय तुल्याउने गरी शृङ्खलाबद्ध विनाश निम्त्यायो ।

### क्षतिको भयावहता

सुनामीको उद्गम स्थलदेखि तल्लो तटीय क्षेत्रसम्मको क्षतिको गहिराइले हामीलाई शताब्दीयौँसम्म दुखाउनेछ । यसले रसुवागढी, टिमुरे, स्याफ्रुबेंसी र धुन्चेमा ठुलो क्षति पुर्‍याएको छ भने बाढी नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन र नवलपरासीको तटीय क्षेत्रसम्म फैलियो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र प्रहरीको आधिकारिक तथ्याङ्क अनुसार १२ सय भन्दा बढी शव फेला परेका छन् भने पाँच हजार भन्दा बढी नागरिक अझै बेपत्ता छन् । बाढीको तीव्र वेगले सयौं मृतकका शवहरू २०० किलोमिटर टाढा चितवन र नवलपरासीका नदी किनार हुँदै भारतीय सीमासम्म पुगेका छन् । यद्यपि, जीवित रहेका स्थानीय पीडितहरूका अनुसार मृत्यु हुनेको संख्या कम्तीमा १० हजारभन्दा बढी हुन सक्ने बताएका छन् ।

सरकारी तथ्याङ्क र सूचना प्रणालीमाथि प्रश्न उठिरहेका छन् र हालसम्म सार्वजनिक गरिएको विवरणभन्दा मानवीय क्षति धेरै ठुलो देखिएको छ । समयमै स्थानीयको सहयोगमा प्रशासनले नारायणीको तटीय क्षेत्रमा शवहरू संकलन गरेको भए धेरै लासहरू विदेशी भूमिमा पुग्ने थिएनन् । सरकारको उदासीनताका कारण मानिसले आफ्ना आफन्तको शव समेत फेला पार्न सकेनन् भने विदेशी भूमिमा छरपष्ट भएका शवहरूलाई जंगली जनावरहरूले खाइरहेका छन् । माथिल्लो तटीय क्षेत्रका सम्पूर्ण पूर्वाधारहरू नष्ट भए । टिमुरेको सुक्खा बन्दरगाह, भन्सार कार्यालय र मितेरी पुल ध्वस्त भए भने मुख्य व्यापारिक मार्ग स्याफ्रुबेंसी-रसुवागढी सडक खण्ड पूर्ण रूपमा भत्कियो । मध्य तटीय क्षेत्र स्याफ्रुबेंसीदेखि बेत्रावतीसम्मको सडक सञ्जाल विच्छेद भयो । हजारौं घरहरू बगे, पक्की पुलहरू नष्ट भए र हजारौं रोपनी खेतीयोग्य जमिन पुरियो । तल्लो तटीय क्षेत्र चितवन र नवलपरासीमा बस्तीहरू डुबानमा परेका छन् । नदी किनारमा जम्मा भएको लेदो र शवका कारण वातावरणीय प्रदूषण र जनस्वास्थ्यमा गम्भीर संकट निम्तिएको छ । टिमुरे बजारका सयौं मालवाहक कन्टेनरहरू लेदोमुनि पुरिएका छन् भने प्रहरी चौकीहरू पनि पूर्ण रूपमा नष्ट भएका छन् ।जलविद्युत् क्षेत्रमा यसले अपूरणीय क्षति पुर्‍याएको छ । सञ्चालनमा रहेका र निर्माणाधीन गरी कुल १४ वटा जलविद्युत् आयोजना ध्वस्त भए, जसमा १११ मेगावाटको रसुवागढी, १४.८ मेगावाटको साञ्जेन, ५ मेगावाटको माथिल्लो साञ्जेन तथा त्रिशूली-३ ए लगाएतका आयोजनाहरू बन्द भएका छन् । यस घटनाले राष्ट्रिय विद्युत् प्रणालीबाट ७४८ मेगावाटभन्दा बढी विद्युत प्रवाहलाई रोकिदिएको छ । यसले कृषि क्षेत्र, जैविक विविधता र पारिस्थितिकीय सन्तुलनमा दीर्घकालीन क्षति पुर्‍याएको छ । लाङटाङ राष्ट्रिय निकुञ्जको भित्री भागमा रहेका दुर्लभ वन्यजन्तु र बहुमूल्य जडीबुटीहरूको विनाश भएको छ, जसले उक्त क्षेत्रको प्राकृतिक वातावरणलाई अस्तव्यस्त बनाएको छ । साथै, तामाङ समुदायका ऐतिहासिक गुम्बा, मन्दिर र सांस्कृतिक बस्तीहरू लेदोमा पुरिएका छन्, जसले गर्दा स्थानीय पहिचान र प्राचीन पुरातात्विक सम्पदामा अपूरणीय क्षति पुगेको छ ।

### पूर्वसूचना र लापरवाहीपूर्ण व्यवहार

यो दुर्घटना हुनुभन्दा करिब १२ दिन अगाडि नै छिमेकी मुलुक चीनका मौसम तथा भूगर्भसम्बन्धी निकायहरूले नेपाल सरकारलाई पूर्वसंकेत पठाएका थिए । उनीहरूले डिजिटल माध्यमबाट सीमावर्ती हिमाली क्षेत्रमा मनसुनी न्यून चाप र सम्भावित पहिरोको जोखिमबारे जानकारी दिएका थिए । यद्यपि, गृह मन्त्रालय, जल तथा मौसम विज्ञान विभाग र विपद् व्यवस्थापन प्राधिकरणले उक्त चेतावनीलाई गम्भीरतापूर्वक लिएनन् । तल्लो तटीय क्षेत्रमा चेतावनी दिने सायरनहरू बजाइएनन् । सुरुङभित्र कार्यरत श्रमिकहरूलाई खाली गराउने वा जोखिमपूर्ण बस्तीहरू स्थानान्तरण गर्ने जस्ता कदमहरू चालिएनन् । यो घटना चरम प्रशासनिक लापरवाहीको उदाहरण हो । नेपालको संविधान र विद्यमान कानुन बमोजिम जोखिमको जानकारी भए तापनि नागरिकलाई असुरक्षित छाड्नु राज्यको गम्भीर गल्ती हो । नेपालको संविधानको धारा १६ ले प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने मौलिक अधिकार प्रदान गरेको छ । पूर्वसूचना प्राप्त हुँदाहुँदै पनि सुरक्षाका उपायहरू अपनाउन नसक्नु नागरिकको जीवनको अधिकारको प्रत्यक्ष उल्लङ्घन हो ।

मुलुकी अपराध संहिता, २०७४ को दफा १८२ अनुसार लापरवाहीपूर्ण ढंगले कसैको ज्यान लिन पाइने छैन । जोखिमको पूर्वज्ञान हुँदाहुँदै पनि सुरक्षात्मक व्यवस्था नगरी मानिसहरूलाई काममा लगाउनु वा उद्धारमा ढिलाइ गर्नु 'आपराधिक लापरबाही' मानिन्छ । कानुनी दायित्व पूरा नगरी कसैको मृत्यु गराएमा फौजदारी सजाय भोग्नुपर्ने हुन्छ । प्रधानमन्त्री, गृहमन्त्री र सम्बन्धित निकायहरू नागरिकका कानुनी संरक्षक हुन् । आफ्नो जिम्मेवारी पूरा नगर्दा भएको क्षतिप्रति उनीहरू नै उत्तरदायी छन् । नेपालका विपद् व्यवस्थापन संस्थाहरू पूर्वतयारीमा भन्दा घटना घटेपछि मात्र उद्धारमा केन्द्रित हुने कमजोरीयुक्त छन् । सूचना लुकाउने र नागरिकलाई आपत्कालीन खतराबारे जानकारी नदिने प्रवृत्ति सूचनाको हक सम्बन्धी ऐन, २०६४ को समेत उल्लैन हो ।

### सुरुङभित्रको अवस्था र कानुनी मापदण्ड

बाढीको समयमा जलविद्युत् आयोजनाका भूमिगत सुरुङहरूमा इन्जिनियर, भूगर्भविद् र सयौं श्रमिकहरू काम गरिरहेका थिए । अचानक आएको बाढी र लेदो सुरुङको मुख्य प्रवेशद्वारमा पसेर ढोका पुरिएपछि भित्रका मानिसहरू थुनिए । बाढीको चेतावनी भए पनि आयोजना व्यवस्थापनलाई सरकारी निकायले जानकारी गराएनन् । न त कुनै आपत्कालीन निकासको तयारी थियो, न त अन्य उपाय नै । सुरुङभित्र अक्सिजनको अभाव भयो र भेन्टिलेसन प्रणाली बन्द हुनुका साथै पानी पस्नाले धेरै मानिसहरूले भित्रै अकालमा ज्यान गुमाउनुपर्‍यो । यो समयमै उचित निर्णय लिन नसक्ने शासकीय असफलता र गम्भीर लापरबाहीको परिणाम हो । सुरुङभित्रका सुरक्षा मापदण्डहरूमा ठुलो त्रुटि देखिएको छ । ५०० मिटरभन्दा लामो सुरुङमा वैकल्पिक निकासको व्यवस्था हुनुपर्ने कानुनी मापदण्ड छ । तर, सुरुङ निर्माण गर्दा यो नियम पालना गरिएको छ कि छैन भन्ने प्रश्न उठेको छ । त्यहाँ स्वचालित जेनेरेटर सहितको अक्सिजन ब्याकअप प्रणाली पनि उपलब्ध थिएन । विद्युत् अवरुद्ध हुनासाथ भेन्टिलेसन प्रणाली पूर्ण रूपमा बन्द भयो । बाढी रोक्ने स्वचालित वाटर-प्रुफ फ्लड गेट नहुँदा लेदो सिधै भित्र पस्यो । यसरी श्रम ऐन २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ का कानुनी दायित्वहरूको गम्भीर उल्लैन गरी सम्बन्धित निकायहरू जिम्मेवारीबाट पन्छिने प्रयास गरे, जुन अक्षम्य छ । यस त्रासदीले राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी मापदण्डहरूको उल्लैनलाई स्पष्ट पारेको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ अनुसार लापरबाही वा ढिलो निर्णयका कारण क्षति भएमा कारबाही गर्ने स्पष्ट व्यवस्था छ । अन्तर्राष्ट्रिय स्तरमा मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा ३ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ६ ले नागरिकको जीवन रक्षा गर्नु राज्यको दायित्व हो भनी उल्लेख गरेको छ । साथै, नेपालको श्रम ऐन, २०७४ अनुसार कार्यस्थलमा स्वास्थ्य र सुरक्षाको सुनिश्चितता गर्नु आयोजना प्रवर्द्धक र ठेकेदार कम्पनीको कानुनी कर्तव्य हो । आपत्कालीन सुरक्षा र पूर्वसूचना बिना जोखिमपूर्ण सुरुङमा काम गराएका आयोजना प्रवर्द्धकहरूमाथि प्रश्न उठ्नु स्वाभाविक हो ।

### ब्यारेकका काँडेतार र नागरिक सर्वोच्चता

विपत्ति आएपछि सरकारले रसुवा र आसपासका तटीय क्षेत्रलाई 'सुरक्षा संवेदनशील' क्षेत्र घोषणा गर्‍यो । प्रभावित क्षेत्रमा ठुलो संख्यामा सेना र सुरक्षा बल परिचालन गरियो । उद्धार र सुरक्षाको बहानामा लगाइएका काँडेतारले सर्वसाधारण र सञ्चारकर्मीहरूको आवतजावतमा रोक लगायो । यसले गर्दा स्वतन्त्र सञ्चारमाध्यम, नागरिक समाज र पीडित परिवारले आफन्तहरूको वास्तविक अवस्था बुझ्न पाएनन् ।लोकतान्त्रिक शासनमा प्राकृतिक संकटको बेला नागरिक प्रशासनको नेतृत्व हुनुपर्छ र सुरक्षा निकायहरूले नागरिक प्रशासनकै निर्देशनमा काम गर्नुपर्छ । तर, रसुवामा नागरिक प्रशासन कमजोर देखियो र निर्णय प्रक्रियामा सुरक्षा निकायको प्रभुत्व रह्यो ।

*(बाँकी तेस्रो पृष्ठमा ...)*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समाज सेवामा मन लाग्नेछ । यात्रा सुखमय रहनेछ । | **तुला**: विवादास्पद काममा अगाडि नबढ्नुहोस् । सावधान रहनुपर्ने समय रहेको छ । |
| **वृष** : साथीहरुको सहयोगले कार्य हुनेछ।सन्तानको प्रगतिले मन प्रसन्न रहनेछ । | **वृश्चिक** : नोकरी उन्नतिको अवसर मिल्नेछ । योजनाहरू सफल रहनेछन्। |
| **मिथुन** : समयलाई आफ्नो अनुकूल बनाइने छ।रमाइलो समय व्यतीत हुनेछ । | **धनु** : मनग्य लाभ प्राप्त हुनेछ । अँटिका कार्य पूरा हुने छन् । |
| **कर्कट** : मन अशान्त रहनेछ । विपरीत लिंगप्रति आकर्षण बढ्नेछ। | **मकर** :मेहनतले सफलतादिलाउनेछ ।धैर्यले अँटिको कार्य समयमा सम्पादन हुनेछ । |
| **सिंह** : सोच विचार गरेर पैसा खर्च गर्नुहोला । आत्मविश्वासमा वृद्धि हुनेछ। | **कुम्भ**: रचनात्मक कार्यमा सफलता मिल्नेछ । कार्यक्षेत्रमा भाग्यको साथ मिल्नेछ । |
| **कन्या** : समय सफलतादायक रहनेछ । पद प्रतिष्ठामा वृद्धि हुनेछ। | **मीन** : व्यर्थको वाद विवादबाट बच्नुहोस् । प्रेम सम्बन्ध सुमधुर रहनेछ । |

## शिक्षा

# पाठ्यक्रम परिमार्जनः पाठ्यभार घटाउनदेखि एआई समेट्नेसम्मका सुझाव




**भक्तपुर,** 'राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६' परिमार्जनका लागि सातै प्रदेशमा आयोजित कार्यशालाबाट पाठ्यभार घटाउनुपर्ने, शिक्षालाई रोजगार तथा उद्यमशीलतामुखी बनाउनुपर्ने र नयाँ प्रविधिसहित कृत्रिम बौद्धिकता (एआई)लाई पाठ्यक्रममा समेट्नुपर्ने सुझाव प्राप्त भएका छन् । पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम परिमार्जन प्रयोजनार्थ सातै प्रदेशमा आयोजना गरेको कार्यशालामा सहभागीले वर्तमान पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी र स्थानीय आवश्यकता अनुकूल बनाउनुपर्नेमा जोड दिएका हुन् ।

कोशी प्रदेशमा आयोजित छलफलमा सहभागीले शिक्षालाई स्थानीय उत्पादनसँग जोड्दै स्वरोजगार र उद्यमशीलतामुखी बनाउनुपर्ने, सिकाइलाई विद्यार्थी केन्द्रित, सिर्जनात्मक, प्रयोगात्मक तथा प्रविधिमैत्री बनाउनुपर्ने सुझाव दिएका छन् । सहभागीले प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तारसँगै देश प्रेम, नैतिकता तथा परम्परागत भाषा, लिपि र संस्कृतिको संरक्षण हुने किसिमको शिक्षा आवश्यक रहेको बताएका छन् । पाठ्यक्रमलाई लचिलो बनाउँदै निर्माण र कार्यान्वयनको केही जिम्मेवारी विद्यालय तथा शिक्षकलाई दिनुपर्ने सुझाव प्राप्त भएको छ ।मधेस प्रदेशमा पाठ्यक्रमको विषयवस्तु तथा पाठ्यभार घटाउनुपर्ने विषय प्रमुख रूपमा उठेको छ । पर्यटन, कृषिलगायत स्थानीय तथा सम्भावनायुक्त क्षेत्रसँग सम्बन्धित ज्ञान र सीप पाठ्यक्रममा समावेश गर्नुपर्ने सहभागीको सुझाव छ । प्रविधिसम्बन्धी विषयवस्तुलाई परिमार्जन गर्दै एआईसम्बन्धी ज्ञानलाई पाठ्यक्रममा समेट्नुपर्ने सहभागीको माग छ । यस्तै, नैतिक तथा आध्यात्मिक शिक्षा, सामाजिक कार्यमा विद्यार्थीको सहभागितामार्फत मूल्याङ्कन, शिक्षकलाई पाठ्यक्रम विकासमा सहभागी गराउने र शिक्षकको क्षमता विकासलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन् । मातृभाषा, नेपाली र अंग्रेजी भाषामा विद्यार्थीलाई दक्ष बनाउनुपर्ने तथा रैथाने ज्ञान र सीपमार्फत रोजगारी सृजना हुने विषयवस्तु समावेश गर्नुपर्ने सुझाव दिइएको छ । त्यस्तै, प्रधानाध्यापकलाई प्रशासकभन्दा शैक्षिक नेताका रूपमा विकास गर्नुपर्ने, स्थानीय पाठ्यक्रम निर्माणमा स्थानीय तहलाई अधिकार दिनुपर्ने, विद्यार्थीका लागि मनोसामाजिक परामर्शको व्यवस्था गर्नुपर्ने र अभिभावक शिक्षामा जोड दिनुपर्ने उल्लेख छ । बागमती प्रदेशमा उद्यमशीलता तथा रोजगारउन्मुख शिक्षा, अनिवार्य अभिभावक शिक्षा, नैतिक शिक्षा तथा स्थानीय ज्ञान, सीप र संस्कृतिको प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

गण्डकी प्रदेशका सहभागीले शिक्षालाई व्यावहारिक, जीवनोपयोगी, सीपमूलक तथा रोजगारमुखी बनाउनुपर्ने बताएका छन् । पूर्वव्यावसायिक, कृषि तथा प्राविधिक शिक्षामार्फत आत्मनिर्भर र दक्ष जनशक्ति उत्पादन गर्नुपर्ने तथा स्थानीय भूगोल, इतिहास, कला, संस्कृति र विविधतालाई पाठ्यक्रममा समेट्नुपर्ने सुझाव छ । लुम्बिनी प्रदेशका सहभागीले पाठ्यभार तथा विषयवस्तु बढी भएकाले घटाउनुपर्ने, देश प्रेमको भावना विकास गर्ने किसिमको पाठ्यक्रम निर्माण गर्नुपर्ने र एआईको प्रयोगमार्फत सिर्जनात्मकता विकास गर्नुपर्ने सुझाव दिएका छन् । उनीहरुले युवालाई विदेश पलायन हुन बाध्य बनाउनेभन्दा स्वदेशमै आत्मनिर्भर र रोजगारी सृजना गर्न सक्षम बनाउने पाठ्यक्रम आवश्यक रहेको बताएका छन् ।

कर्णाली प्रदेशमा प्रारम्भिक बालविकास तथा शिक्षालाई विद्यालय संरचनामा दुई वर्षको अवधिमा ल्याउनुपर्ने, पाठ्यक्रमको वास्तविक कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन प्रभावकारी बनाउनुपर्ने र बारम्बार हुने पाठ्यक्रम परिवर्तनले सिर्जना गरेको अन्योल अन्त्य गर्नुपर्नेमा जोड दिइएको छ । शिक्षकलाई विभिन्न पक्षबाट आवश्यक सहयोग उपलब्ध गराउनुपर्नेमा सहभागीले आृनो मत राखेका छन् । सुदूरपश्चिम प्रदेशमा सामाजिक विकास मन्त्रालय प्याब्सन सुदूरपश्चिमले धनगढीमा कार्यक्रम सञ्चालन गरेको भए पनि छलफलबाट प्राप्त मुख्य सुझावको विवरण उपलब्ध गराइएको छैन । शिक्षा तथा खेलकुद मन्त्रालयको मन्त्रीस्तरीय निर्णयअनुसार पाठ्यक्रमलाई समयसापेक्ष, व्यावहारिक, जीवनोपयोगी तथा प्रभावकारी बनाउने उद्देश्यले राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन कार्यदलले सातै प्रदेशका २८ जिल्लाबाट सरोकारवालाको सुझाव तथा पृष्ठपोषण संकलन गरेको हो ।

विभिन्न जिल्लामा पुगेर शिक्षक, विद्यार्थी, प्रधानाध्यापक, अभिभावक, विज्ञ, नीति निर्माता, स्थानीय तह तथा अन्य सरोकारवालासँग प्रत्यक्ष अन्तर्क्रिया गरिएको छ ।पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक महेन्द्र पराजुलीका अनुसार पहिलो चरणमा २८ जिल्लाबाट सुझाव संकलन गरिनेछ । त्यसपछि ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइबाट सुझाव लिइनेछ । यस्तै, केन्द्रको वेबसाइटमार्फत सुझाव प्राप्त गरिनेछ । सातै प्रदेशका कार्यशालाबाट प्राप्त सुझावमा राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई स्थानीय आवश्यकता, रोजगारी, उद्यमशीलता, प्रविधि, नैतिकता र जीवनोपयोगी सीपसँग जोड्दै पाठ्यभार कम गर्नुपर्ने उल्लेख छ । प्राप्त सुझावका आधारमा पाठ्यक्रम विकास केन्द्रले राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को परिमार्जनका लागि आवश्यक प्रक्रिया अघि बढाउने जनाएको छ ।-*रासस*

# रसुवा हिम–सुनामी ...

...मृतकको वास्तविक संख्या, सुरुङभित्रको स्थिति र राहत कोषको विवरणबारे सूचना नियन्त्रण गरियो, जसले नागरिक सर्वोच्चतामाथि प्रश्न खडा गरेको छ । संकटको बेला नागरिकका मौलिक हकको रक्षा गर्नुपर्ने राष्ट्रिय मानव अधिकार आयोग र संसदीय समितिहरू निष्क्रिय देखिए । तथ्य र सूचना रोक्नु सूचनाको हक सम्बन्धी संवैधानिक प्रावधानको अपमान हो । आज ज्यान गुमाएका व्यक्तिका शवहरू सेनाको ब्यारेकमा छन् र उद्धार भएकाहरूको विवरण समेत गोप्य राखिएको छ । सेना र सुरक्षाकर्मीले कठिन परिस्थितिमा बसेर गरेको कार्यको सम्मान गरिनुपर्छ । तर, शासकीय सत्तासँग जोडिएर लिइने नीतिगत निर्णयहरूमा सेनाको संलग्नतालाई लिएर नेपाली मात्र नभई विश्व समुदायले समेत गम्भीर शंका र प्रश्न उठाउन थालेको छ - के यो सेनाले वास्तवमै देश र नागरिकको रक्षा गर्छ ? यो त्यही सैन्य शक्ति हो-जसको मुख्यालय र देशको सर्वोच्च न्यायिक निकाय तथा राज्यको मुख्य प्रशासनिक केन्द्र सिंहदरबार एउटै परिसरमा हुँदा समेत जेन्जी आन्दोलनको आगो निभाउन असफल रह्यो । यसै फौजले आगोको ज्वालालाई केवल मूकदर्शक बनेर हेरिरह्यो । सायद सैन्य कमान्ड जारी भएको भए जवानहरूले यसलाई नियन्त्रण गर्न सक्थे । तर, नेतृत्वले राष्ट्रप्रति नै विश्वासघात गर्‍यो । फलस्वरूप, आज यो हिम सुनामीको संकटमा सैन्य भूमिकाको प्रभावकारितामाथि प्रश्न उठाउन समाज बाध्य भएको छ । **खेर गएको गोल्डेन आवर :** विपद् व्यवस्थापनको विज्ञान अनुसार कुनै पनि दुर्घटना घटेपछिको पहिलो २४ देखि ७२ घण्टालाई गोल्डेन आवर भनिन्छ । यो समयभित्र जीवित बचाउने सम्भावना ९० प्रतिशतभन्दा बढी हुन्छ ।सुरुङभित्र फसेका कामदारहरूलाई अक्सिजन उपलब्ध गराउन वा भेन्टिलेसन प्रणाली सञ्चालन गर्न सुरुवाती केही घण्टा नै अत्यन्त महत्वपूर्ण थिए । उद्धार कार्यको क्रममा पहिलो २४ घण्टाभित्र सरकारी निकायले विपत्तिको गहिराइ र असरको गलत अनुमान गरे । यसले गर्दा गोल्डेन आवरको महत्वपूर्ण समय नष्ट भयो । घटनाको ३६ घण्टापछि मात्र सामान्य सामग्रीसहित रेस्क्यु टोली परिचालन गरियो । यो समयसम्म सुरुङभित्र अक्सिजनको अभाव हुँदा जीवित बच्ने दर न्यून हुन्छ । ७२ घण्टा बितिसक्दा पनि पुरानो शैलीका औजार र सीमित क्षमतामा मात्र उद्धार खोज्नु सरकारको कमजोरी हो । यसले गर्दा धेरै कामदारले ज्यान गुमाउनु पर्‍यो । सरकारले आधुनिक प्रविधिको व्यवस्था नगर्दा लेदोबाट शव निकाल्न समेत निकै कठिन भयो । नेपालमा लेदोमा पुरिएका मानिसहरू खोज्ने आधुनिक प्रविधिको ठुलो अभाव देखियो । थर्मल क्यामेरा, रोबोटिक्स, टनेल बोरिङ मेसिन र सिस्मिक डिटेक्टर जस्ता उपकरण नहुँदा उद्धार कार्य पुराना औजारमा मात्र सीमित भयो । **क्षतिले अर्थतन्त्रमा पार्ने प्रभाव :**रसुवा हिम-सुनामीले पुर्‍याएको प्रत्यक्ष र अप्रत्यक्ष आर्थिक हानि अर्बौंको छ । निर्माणाधीन र सञ्चालित जलविद्युत् आयोजनाहरू नष्ट हुँदा १ खर्ब ५० अर्ब भन्दा बढीको भौतिक क्षति भएको छ । समष्टिगत अर्थतन्त्रमा यो विपद्ले नेपालको जीडीपी वृद्धिदरलाई सुस्त बनाउनेछ । जलविद्युत् र अन्तर्राष्ट्रिय व्यापारको हिस्सा घट्दा आर्थिक क्रियाकलापमा मन्दी आउनेछ । वित्तीय क्षेत्रमा यसको गम्भीर असर देखिनेछ । क्षतिग्रस्त आयोजनाहरूमा स्वदेशी बैंकहरूको ठुलो लगानी रहेकाले आयोजनाहरू बन्द हुँदा सावाँ-ब्याज नपाउने अवस्थामा बैंकहरूको खराब कर्जा तीव्र रूपमा बढ्न सक्छ ।चीनसँगको छोटो व्यापारिक मार्ग बन्द भएसँगै वैकल्पिक लामो मार्गबाट सामान ल्याउँदा ढुवानी खर्च बढ्नेछ । यसले आपूर्ति शृङ्खलामा समस्या ल्याई बजारमा वस्तुको मूल्य वृद्धि गर्नेछ । पूर्वाधार निर्माणका लागि फेरि ठुलो वैदेशिक ऋण लिनुपर्ने भएमा सार्वजनिक ऋणको भार बढ्नेछ । स्थानीय स्तरका होटल, यातायात र साना उद्योगमा आधारित हजारौँको लगानी डुबेको छ, जसले बेरोजगारी र आर्थिक मन्दी निम्त्याउनेछ ।

**प्राविधिक जनशक्ति गुम्दा :** विगत दुई दशकमा जलविद्युत् र सुरुङ निर्माणका लागि आवश्यक पर्ने दुई हजार भन्दा बढी दक्ष तथा अर्धदक्ष जनशक्तिको ज्यान जानु हाम्रो पूर्वाधार विकासको इतिहासमा एउटा ठुलो क्षति हो । यस घटनाले सुरुङ इन्जिनियरिङ क्षेत्रमा गहिरो मनोवैज्ञानिक त्रास पैदा गरेको छ । सहकर्मीको मृत्यु प्रत्यक्ष देख्दा प्राविधिकहरूमा पोस्ट-ट्रमाटिक स्ट्रेस डिसअर्डर जस्ता समस्या देखिन थालेका छन् । भविष्यमा भूमिगत क्षेत्रमा काम गर्न प्राविधिकहरू डराउने अवस्था आएको छ । सुरक्षाको सुनिश्चितता नभएसम्म स्वदेशी तथा विदेशी विशेषज्ञहरूले काम गर्न मान्ने छैनन् भन्ने जोखिम बढेको छ । दक्ष जनशक्तिको यो अभावले मुलुकले ठुलो आर्थिक र प्राविधिक मूल्य चुकाउनुपर्नेछ । नयाँ विशेषज्ञहरू तयार पार्न १० देखि १५ वर्ष लाग्ने भएकाले आगामी आयोजनाहरूको लागत र निर्माण समय बढ्नेछ । यसले सन् २०३५ सम्म २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने राष्ट्रिय लक्ष्यलाई अवरोध पुर्‍याउनेछ । यस्तै, सुरक्षाको अनिश्चितताका कारण दक्ष युवा इन्जिनियरहरू विदेश पलायन हुने क्रम झन् बढ्ने खतरा छ ।**सरकारको असफलता :**विपद्को विशालतालाई मध्यनजर गर्दै नेपालले चीन, भारत र अन्तर्राष्ट्रिय उद्धार संस्थाहरूसँग समयमै कूटनीतिक संवाद गर्नुपर्थ्यो । तर कूटनीतिक कमजोरीका कारण आवश्यक सहयोग र अत्याधुनिक उपकरणहरू समयमै आउन सकेनन् । अल्लरे शाहजीको सरकारले राहत र उद्धारमा अपनाएको कठोर र अनुदार एकद्वार नीतिले मानवीय सहायतामा बाधा पुर्‍यायो । त्यहाँ कार्यरत विद्युत् विकासकर्ता र अन्तर्राष्ट्रिय टोलीहरूलाई घटनास्थलमा प्रवेश गर्न कठिन स्वीकृति प्रक्रियाको सामना गर्नुपर्‍यो । सरकारसँग आफैँमा सुरुङभित्र पस्ने प्रविधि नहुँदा पनि अन्य निजी वा अन्तर्राष्ट्रिय टोलीलाई निषेध गर्दा धेरै मानिसले समयमै उद्धार पाउन सकेनन् । यो सबैभन्दा दुःखद पक्ष हो ।आपत्कालीन अवस्थामा प्रशासनिक नियन्त्रणभन्दा छिटो मानवीय सहायतालाई महत्त्व दिन सरकार असफल भयो । नीतिगत कठोरता र ढिलासुस्ती नै सरकारको विफलता हो । **सरकारको भ्रामक सूचना :** विपद्को सुरुवाती चरणमा सरकारले 'परिस्थिति नियन्त्रणमा छ' वा 'सुरुङभित्रका सबै सुरक्षित छन्' जस्ता गलत सूचना फैलायो । वास्तविकता लुकाएर दिइएका यस्ता दाबीले पीडितका आफन्तमा भ्रम पैदा गर्‍यो । अन्तर्राष्ट्रिय समुदायले ठुलो टोली पठाउन खोज्दा सरकारी गलत दाबीका कारण ढिलाइ भयो । यसले गर्दा विश्व मञ्चमा सरकारको विश्वसनीयतामा प्रश्न उठेको छ ।यस प्रशासनिक कमजोरीले लगानीकर्ताहरूलाई पनि निरुत्साहित गरेको छ । नेपालको पूर्वाधार र जलविद्युत् क्षेत्रमा लगानी गर्न इच्छुक विदेशी लगानीकर्ताहरूले कमजोर जोखिम व्यवस्थापन देखेर पछि हट्ने सम्भावना बढेको छ, जसले प्रत्यक्ष वैदेशिक लगानीमा कमी ल्याउनेछ ।यसका अतिरिक्त, हिमाली क्षेत्रमा निर्माण हुने संरचनाहरूको बीमा शुल्कमा उल्लेख्य वृद्धि हुनेछ । प्रिमियम दरमा आउने वृद्धिसँगै आयोजनाहरूको कुल निर्माण खर्च बढ्नेछ, जसले गर्दा वित्तीय व्यवहार्यतामा कमी आउनेछ । सरकारी तर्फबाट आधिकारिक जानकारी नआउँदा सामाजिक सञ्जालमा हल्लाहरू फैलिन थाले । विपद्को बेला एकीकृत सूचना केन्द्रबाट जानकारी प्राप्त नहुँदा मसिहा(बालेनको फेसबुक पोस्ट सुन किन्ने स्रोत बन्यो ।**सेनाको भूमिकामा प्रश्नः**बाढीले बगाएका तथा लेदोमा पुरिएका नागरिकका शवहरू हप्तौँसम्म निकाल्न नसक्दा सेनाको नेतृत्व माथि प्रश्न उठेको छ । जनताको जिउधनको सुरक्षा गर्न र मृत शरीरको समेत मर्यादित व्यवस्थापन गर्न नसक्ने सेनाप्रति जनविश्वास घट्दै गएको छ । यसैबीच, नेपालको सेनालाई संयुक्त राष्ट्रसैंीय शान्ति स्थापना कार्यमा समावेश गर्ने वा नगर्ने भन्ने विषयमा अब महासभामा गम्भीर बहस हुने सम्भावना छ ।विश्लेषकहरूले नेपाल सेनाले संयुक्त राष्ट्रसंघीय शान्ति सेनामा सहभागी हुने योग्यता गुमाइसकेको दाबी गर्न थालेका छन् । **भविष्यको बाटोः** राज्यको गैर-जिम्मेवार व्यवहार विरुद्ध लोकतान्त्रिक निकाय र नागरिक समाजले सक्रिय भूमिका खेल्नुपर्छ । सर्वोच्च अदालतमा परमादेशका लागि रिट दायर गरी प्रभावित क्षेत्रमा नागरिक प्रशासनको उपस्थिति सुनिश्चित गरिनुपर्छ । संसदको राज्य व्यवस्था तथा सुशासन समितिमार्फत कार्यपालिकालाई जवाफदेही बनाउनुपर्छ । यस त्रासदीको निष्पक्ष छानबिनका लागि शक्तिशाली उच्चस्तरीय न्यायिक छानबिन आयोग गठन गरिनुपर्छ ।रसुवा हिम-सुनामीबाट सिकेको पाठलाई आत्मसात गर्दै नेपालले आगामी दिनका लागि रणनीतिक योजना बनाउनुपर्छ । तात्कालिक राहत र त्रिपालले मात्र पुग्दैन । बाढी प्रभावितहरूलाई भौगोलिक अध्ययनका आधारमा सुरक्षित क्षेत्रमा एकीकृत बस्ती बनाएर स्थायी रूपमा स्थानान्तरण गर्नुपर्छ । सहरी विकास मन्त्रालय र स्थानीय तहले सुरक्षित स्थानमा एकीकृत मोडल बस्ती निर्माण गर्नुपर्छ । सुरुङ तथा हाइड्रो सुरक्षाका लागि ऊर्जा मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयले ५०० मिटरभन्दा लामो सुरुङमा आपत्कालीन निकास र अक्सिजन ब्याकअप अनिवार्य गर्नुपर्छ । भूभौतिक अनुगमनलाई बलियो बनाउन जल तथा मौसम विज्ञान विभागले लाङटाङ, अन्नपूर्ण र सगरमाथामा स्याटेलाइट तथा सेन्सरमा आधारित पूर्वसूचना प्रणाली जडान गर्नुपर्छ । जोखिमयुक्त सम्पूर्ण हिमाली क्षेत्रमा वास्तविक समयको अनुगमनका लागि स्याटेलाइट प्रविधि प्रयोग गरिनुपर्छ । द्विपक्षीय तथ्याङ्क आदान-प्रदानका लागि परराष्ट्र र गृह मन्त्रालयले नेपाल र चीनबिच जलशास्त्रीय डेटा आदान-प्रदानलाई स्वचालित बनाउनुपर्छ । साथै, शासकीय तथा राहत सुधारका लागि राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणलाई स्वायत्त बनाउँदै डिजिटल राहत ड्यासबोर्ड लागू गर्नुपर्छ । विपद् व्यवस्थापनमा लापरबाही गर्ने अधिकारी वा सरकार प्रमुखलाई कानुन बमोजिम कारबाही गर्नुपर्छ । रसुवाको हिम-सुनामीले केवल प्राकृतिक जोखिमलाई मात्र होइन, प्रशासनिक ढाँचाको गम्भीर त्रुटि र उदासीनतालाई समेत प्रकट गरिदिएको छ । आगामी रणनीति भनेको प्रभावितहरूको दीर्घकालीन पुनर्स्थापना, जलवायु-अनुकूल पूर्वाधारको पुनर्निर्माण र स्वच्छ राहत वितरण प्रक्रिया हो । प्राकृतिक प्रकोपलाई पूर्णतः निषेध गर्न असम्भव छ । तथापि, उपयुक्त विज्ञान, पारदर्शी शासन, प्रविधिको परिचालन र जनसाधारणप्रतिको उत्तरदायित्वमार्फत मानवीय तथा भौतिक क्षतिलाई कम गर्न सकिन्छ । यस त्रासदीलाई एउटा जागरणपूर्ण परिवर्तनको मोडका रूपमा लिई सुरक्षित, सहनशील र लोकतान्त्रिक नेपालको निर्माणमा लाग्नु नै वर्तमानको ऐतिहासिक आवश्यकता हो ।

*(लेखक विकास मानवशास्त्री तथा मनोसामाजिक परामर्शदाता हुन् ।)*

*रातोपाटी डटकम*

# काँग्रेस नेता बस्यालको स्पष्टोक्ति-'गुट होइन, एकताको पक्षमा छु'



**पाल्पा,** भदौ २८/ नेपाली कांग्रेसको इतर समूहले महाधिवेशन तथा तल्लो तहका अधिवेशन सम्पन्न गर्न खटाएको केन्द्रीय प्रतिनिधिको सूचीमा पाल्पाबाट आृनो नाम समावेश भएपछि कांग्रेस नेता कृष्ण बस्यालले आफू कुनै पक्ष वा समूहमा नरहेको स्पष्ट पारेका छन् ।

एनजेडीसँग कुरा गर्दै नेता बस्यालले आफ्नो नाम इतर समूहको केन्द्रीय प्रतिनिधिको सूचीमा समावेश भएको विषयमा आफू स्वयं आश्चर्यमा परेको बताए । उनले आफू काँग्रेसभित्र कुनै गुट वा पक्षभन्दा पनि पार्टीलाई एकताबद्ध बनाएर अघि बढाउने पक्षमा रहेको स्पष्ट पारे । बस्यालले भने "म मेलमिलाप, सहकार्य र समन्वयबाट पार्टीलाई एक बनाएर लैजाने पक्षमा छु । इतर पक्षबाट अधिवेशनहरू सम्पन्न गर्न खटाइएका केन्द्रीय प्रतिनिधिको सूचीमा मेरो नाम राखिएको रहेछ । त्यसप्रति भ्रममा नपर्न यहाँका पार्टीका साथीहरूलाई यही मिडियामार्फत आग्रह गर्दछु, ।"

नेता बस्यालले नेपाली काँग्रेसको केन्द्रीय कार्यसमितिको आधिकारिकतासम्बन्धी विवाद सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा आफू कुनै पक्ष वा समूहको भन्दा पनि एउटै काँग्रेस बनाउने दिशामा रहेको बताए । उनले पार्टीभित्र देखिएको विवादको समाधानका लागि अदालतको निर्णयलाई सबै नेताहरूले सम्मान गर्नुपर्ने धारणा राखे । "अदालतले गरेको निर्णयलाई पार्टीका नेताहरूले मान्नुपर्छ । हामी पनि त्यही पक्षमा छौं," उनले भने । बस्यालले कांग्रेसको १५औं महाधिवेशनअन्तर्गतको वडा अधिवेशन आगामी असोज ३ गतेदेखि शुरू हुन लागेकाले कांग्रेसका क्रियाशील सदस्य तथा शुभेच्छुकहरूलाई समेत अधिवेशनमा समर्थन र सक्रिय सहभागिता जनाउन अनुरोध गरेका छन् ।

# राष्ट्रिय बाल दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै



**पाल्पा,** भदौ २८/ राष्ट्रिय बाल दिवस देशभर विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदैछ । हरेक बर्ष भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाउने गरिएको हो ।

दिवसको अवसरमा सरकारी तथा गैरसरकारी संस्थाहरूले विभिन्न कार्यक्रमको आयोजना गरेका छन् । नेपालले बालअधिकारसम्बन्धी महासन्धी १९८९ लाई सेप्टेम्बर १४, १९९० मा अनुमोदन गरेर बालबालिकाको विकास, बालअधिकारको संरक्षण तथा बालसहभागिता जस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिवद्धता प्रकट गरेको दिनकै अवसरमा यो दिवस मनाउने गरिन्छ । बालबालिकाको अधिकार, संरक्षण, सहभागिता र समग्र विकासका विषयमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले दिवसका अवसरमा विद्यालय, स्थानीय तह तथा विभिन्न संघसंस्थाले विविध कार्यक्रम सञ्चालन गरिरहेका छन् । दिवसका अवसरमा विद्यालयहरूमा वक्तृत्वकला, निबन्ध लेखन, चित्रकला, हाजिरीजवाफ, कविता तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्ने गरिन्छ । यस्तै बाल अधिकारसम्बन्धी अन्तरक्रिया, सचेतनामूलक र्याली, खेलकुद तथा बालबालिकाको प्रतिभा प्रदर्शनलगायतका कार्यक्रम पनि हुँदै छन् । नेपालमा हरेक बर्ष बाल दिवस मनाइँदै आए पनि बालबालिकाको अवस्थामा खासै सुधार भने हुन सकेको पाइदैन । अझैपनि बालश्रम शोषणको घटना उत्तिकै छ भने सडकबालबालिका देखि बालबालिकाको बेचबिखन तथा विद्यालय जान पाउने अधिकारबाट बञ्चित बालबालिकाको संख्या ठूलो रहेको छ । सरकारले अहिलेसम्म बालबालिकाको क्षेत्रमा कुनै पनि खास अध्ययन अनुसन्धान गरेको पाईदैन । बरु उसले प्रत्येक वर्ष सार्वजनिक सञ्चार माध्ययममा आएका घटना समेटेर सार्वजनिक गर्दै आइरहेको छ । सरकारी तथ्याङ्क भन्दा धेरै घटना भने अझै समाजबाट बाहिर आउन सकेका छैनन् । तर पनि सार्वजनिक भएका तथ्याङ्कलाई हेर्दा चिन्ताजनक अवस्था रहेको पाइन्छ । बालश्रम, बलात्कार, मृत्यु, बाल विवाह, हत्या, बेचविखन तथा ओसार-प्रसार, कुपोषण, गर्भपतन, आत्महत्या, अपहरण र शारीरिक सजाय जस्ता बालबालिका सम्बन्धी घटनाहरु हुने गर्दछन् ।

संविधानले बालबालिकाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरी बाल बचाउ, बाल संरक्षण, बालविकास र बाल सहभागिताजस्ता विषय समेटी समग्र विकासको प्रत्याभूत गरेको छ ।

## खेलकुद समाचार

### एशियाली खेलकुदका लागि नेपाली क्रिकेट टोली घोषणा



**काठमाडौं,** भदौ २८/ जापानको आइची-नायोगामा आउँदो असोज ३ देखि १८ गतेसम्म आयोजना हुने एशियाली खेलकुदका लागि नेपाली क्रिकेट टोली घोषणा भएको छ । नेपाल ओलम्पिक कमिटीले आइतबार दीपेन्द्रसिंह ऐरीको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको हो ।

टोलीमा दीपेन्द्रसँगै रोहितकुमार पौडेल, सोमपाल कामी, करण केसी, सन्दीप लामिछाने, आरिफ शेख, आसिफ शेख, कुशल भुर्तेल, ललितनरायण राजवंशी, गुल्सनकुमार झा, नन्दन यादव, लोकेश बम, सन्दीप जोरा, शेर मल्ल र कुशल मल्ल रहेका छन् । नेपाल, मलेशिया, हङकङ र ओमानले छनोट चरण पार गर्दै एशिया कपमा स्थान बनाएका थिए । यस्तै अफगानिस्तान, बंगलादेश, भारत, पाकिस्तान र श्रीलंका वरीयताका आधारमा सीधै खेल्दैछन् । जापान आयोजकका रूपमा सहभागी हुनेछ । नेपालले समूह चरणमा अफगानिस्तान र आयोजक जापानसँग खेल्नेछ । शीर्ष दुईमा पर्ने टोली क्वाटरफाइनलमा पुग्नेछ ।


वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

### बाढी प्रभावितका लागि बुटवल अस्पतालको सहयोग



**बुटवल,** भदौ २८/ विपद्मा परेका नागरिकको राहत र पुन:स्थापनाका लागि बुटवल अस्पतालले 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष'मा रु. ७ लाख ७७ हजार ७ सय ७७ सहयोग गरेको छ । भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकलाई तत्काल राहत तथा पुन:स्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले अस्पतालले उक्त रकम उपलब्ध गराएको हो ।

अस्पतालका अध्यक्ष चुन्नप्रसाद शर्मा पौडेलले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई सहयोग रकमको चेक हस्तान्तरण गरेका थिए । चेक हस्तान्तरणका क्रममा अस्पतालका सञ्चालक तथा बुटवलका जनप्रतिनिधि नरिश्वर शर्माको पनि सहभागिता थियो । अस्पतालका अध्यक्ष पौडेलले प्राकृतिक विपद्को कठिन अवस्थामा प्रभावित समुदायप्रति सामाजिक उत्तरदायित्व निर्वाह गर्दै सहयोग गरिएको बताए । बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत र पुन:स्थापनाका काममा सहयोग पुग्ने अपेक्षासहित कोषमा रकम जम्मा गरिएको उनको भनाइ छ । बुटवलको ज्योतिपथमा सञ्चालित सय शैया क्षमताको बुटवल अस्पतालले विगत २५ वर्षदेखि स्वास्थ्य सेवा दिँदै आएको छ । अस्पतालले आधुनिक चिकित्सा प्रविधि, भौतिक पूर्वाधार र अनुभवी स्वास्थ्यकर्मीमार्फत विभिन्न विशेषज्ञ सेवा उपलब्ध गराउँदै आएको जनाएको छ । विपद्का कारण प्रभावित क्षेत्रमा स्वास्थ्यसम्बन्धी आवश्यकता बढ्न सक्ने भएकाले आवश्यक परेको अवस्थामा थप स्वास्थ्य सहयोगका लागि समेत अस्पताल तयार रहेको प्रशासनले जनाएको छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स.-४, हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. 1298134 M का Hony-HAV घन बहादुर थापा (ना.प्र.मा धन वहादुर सिंजाली) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा बाल कुमारी (Bal Kumari) र जन्म मिति सन् १९५३ मार्च ३१ (वि.स.२००९/१२/१८) र नेपाली नागरिकता प्रमाणपत्रमा बाल कुमारी सिंजाली (Bal kumari sinjali) जन्म मिति वि.स. २००६/१०/१५ (सन् १९५० जनवरी २८) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

### दुई नामथर, जन्ममिति फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की पाल्पा जिल्ला साविक चिदीपानी गा.वि.स.-४, हाल माथागढी गाउँपालिका-१ निवासी भारतिय भू.पू.सैनिक नं. JC 191423 N का सुवेदार पूर्ण बहादुर थापा (ना.प्र.मा पूर्ण वहादुर सारु) को श्रीमतिको नाम सिटरोल र पेन्सन पट्टामा फुल मायाँ आले (Ful Mayan Ale) र जन्म मिति सन् १९५० अक्टुवर ३० (वि.स.२००७/०७/१४) र नेपाली नागरिकता प्रमाणपत्रमा फुल मायाँ सारु (Ful Maya saru),जन्म मिति वि.स. २००७/०७/१४ (सन् १९५० अक्टुवर ३०) उल्लेख भएको र निजको पतिको भारतीय पेन्सन अभिलेखमा फरक-फरक नामथर, जन्ममिति भएतापनि उपरोक्त व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरा सर्वसाधारण सबैमा सूचित गरिन्छ ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई